# निसीखोला गाउँपालिका

## निसीखोला गाउँपालिकाको आर्थिक सहायता वितरण गर्ने सम्बन्धी कार्यविधी - २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः – २०७७/१२/०९

# निसीखोला गाउंपालिकावाट आर्थिक सहायता वितरण गर्ने सम्वन्धि कार्यविधि, २०७७

## निसीखोला गाउं कार्यपालिकाको वैठकवाट स्विकृत मिति २०७७।१२।०९

प्रस्तावना,

निसीखोला गाउंपालिकावाट प्रदान गरिने आर्थिक सहायतालाई अझ व्यवस्थित र प्रभावकारी वनाउने उद्देश्यले निसीखोला गाउंपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ३ वमोजिम निसीखोला गाउंपालिकाले यो कार्यविधि जारी गरेको छ।

## प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भ :

१. यस कार्यविधिलाई निसीखोला गाउंपालिकाको " आर्थिक सहायता वितरण सम्वन्धि कार्यविधि , २०७७" भनिने छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।

## २) परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "गाउंसभा भन्नाले" भन्नाले निसीखोला गाउपाकिाको गाउंसभालाई सम्झनु पर्नेछ।

ख) " कार्यापालिका" भन्नाले निसीखोला गाउंपालिकाको गाउं कार्यपालिकालाई सम्झनु पर्नेछ ।

ग) " अध्यक्ष " भन्नाले निसीखोला गाउंपालिकाको अध्यक्षलाई सम्झनु पर्नेछ।

घ) " उपाध्यक्ष" भन्नाले निसीखोला गाउंपालिकाको उपाध्यक्षलाई सम्झनु पर्नेछ।

ङ) " प्रमुख प्रशासकीय अधिकृत" भन्नाले निसीखोला गाउंपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्नेछ।

च) " वडा अध्यक्ष " भन्नाले निसीखोला गाउंपालिका भित्रका आ आप्नो वडाका वडा अध्यक्षलाई सम्झनु पर्नेछ।

छ) " गाउंपालिका " भन्नाले निसीखोला गाउपालिकालाई सम्झनु पर्नेछ।

ज) " वडा समिति " भन्नाले निसीखोला गाउपालिकाको वडा समितिलाई सम्झनु पर्नेछ ।

झ) " विशेष परिस्थिति  सहायता समिति " भन्नाले दफा ८ वमोजिमको समितिलाई सम्झनु पर्दछ ।

ञ) " आर्थिक सहायता " भन्नाले दफा (३) वमोजिमको आर्थिक सहायतालाई सम्झनु पर्दछ ।

ट) " विशेष परिस्थिति " भन्नाले दफा (८) वमोजिमको अवस्थालाई सम्झनु पर्दछ ।

ठ) " विपन्न , स्वास्थ्य सहायता सिफारिस समिति " भन्नाले दफा ५ वमोजिमको समितिलाई सम्झनु पर्दछ ।

## ३) आर्थिक सहायताका किसिमहरु

**गाउंपालिकाले देहायका विषयहरुमा आवश्यकता हेरी आर्थिक सहायता वितरण गर्ने छ ।**

क) विपन्न स्वास्थ्य सहायता

ख) प्राकृतिक प्रकोप उद्धार सहायता

ग) खेलकूद, क्षमता विकास,  खोज अनुसन्धान तथा सांस्कृतिक कार्यक्रम सहायता

घ) आकस्मिक विशेष परिस्थिति सहायता

## ४) आर्थिक सहायता प्रदान गर्ने :

गाउंपालिकावाट प्रदान गरिने आर्थिक सहायता अध्यक्षको निर्णयमा दिइने छ ।

## ५) विपन्न स्वास्थ्य सहायता वितरण कार्यविधि :

**देहायका व्यक्तिलाई विपन्न स्वास्थ्य सहायता वितरण गरिनेछ ।**

१. आर्थिक अवस्था कमजोर भएकोले आफै उपचार गर्न नसक्ने भनि सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र प्राप्त गरेको विरामी वा नेपाल सरकारवाट तोकिएको कडा रोग लागेको व्यक्ति ।

२.. वडा कार्यालयवाट सिफारिस नभएको अवस्थामा अति गरिव परिचय पत्र प्राप्त वा अति विपन्न विरामी व्यक्तिले विरामी भएको प्रमाण सहित निवेदन दिएमा तपसिलको सिफारिस समितिवाट सिफारिस भएको गाउंवासी व्यक्ति ।

**स्वास्थ्य सहायता सिफारिस समिति :**

| | |
|---|---|
| क) अध्यक्ष | संयोजक |
| ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ग) स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

३. यस समितिले एकल निर्णयको हद भन्दा ठूलो विपन्न स्वास्थ्य सहायता वितरण गर्नु पर्ने अवस्थामा विपन्न स्वास्थ्य सहायता सिफारिस समितिको कार्य गर्नेछ ।

**४. स्वास्थ्य सहायता प्राप्त गर्न देहायका कागजात संलग्न गर्नु पर्नेछ ।**

क) सम्वन्धित व्यक्तिको निवेदन र परिचय पत्रको प्रतिलिपी ।

ख) सम्वन्धित व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

ग) व्यक्ति उपस्थित हन नसक्ने भएमा निजको हकवालाको नागरिकता प्रमाणपत्रको प्रतिलिपी र निवेदन

घ) विरामी भएको जनाउने अस्पताल वा स्वास्थ्य संस्थावाट प्राप्त कागजात ।

**६) प्राकृतिक प्रकोप उद्धार सहायता :**

१. हावाहुरी, वाढीपहिरो, आगजनी, भुकम्प जस्ता कारणवाट गाउंवासीको ठूलो जनधनको क्षति भएको अवस्थामा प्राकृतिक प्रकोप सहायता रकम उपलव्ध गराउन सकिनेछ ।

२. प्राकृतिक प्रकोप सहायता उपलव्ध गराउंदा देहायको प्रकृया अवलम्वन गरिनेछ ।

क) प्राकृतिक प्रकोप परेकोस्थानको जनप्रतिनिधिको रोहवरमा गरेको प्रहरी मुचुल्का ।

ख) क्षति भएका संरचनाहरु झल्काउने तस्विरहरु ।

ग) सम्वन्धित वडाको सिफारिस पत्र ।

घ) सम्वन्धित व्यक्ति वा संस्थाको निवेदन ।

**७) खेलकूद, क्षमता विकास, खोज अनुसन्धान तथा सांस्कृतिक कार्यक्रम सहायता :**

गाउंसभावाट पारित वजेट तथा कार्यक्रममा नभएको तथा निसीखोला गाउंपालिका भित्र संचालन हुने र समृद्ध गाउंपालिका निर्माणमा सहयोग पुग्ने कम्तिमा पनि एउटा वडाका वासिन्दाहरु समेटने खालका खेलकूद, क्षमता विकास , खोज अनुसन्धान तथा सांस्कृतिक कार्यक्रम सहायता प्रदान गरिनेछ । यो सहायता प्राप्त गर्नका लागि तपसिलका कागजात संलग्न हुनु पर्नेछ ।

- सम्वन्धित कार्यक्रमको कार्यक्रम प्रस्ताव
- कार्यक्रम संचालन हुने वडाहरुको सिफारिस पत्र
- कार्यक्रम संचालन गर्ने संस्था वा समुहको निर्णय पत्र

## ८) आकस्मिक विशेष परिस्थिती सहायता :

१. गाउंपालिका भित्रको कुनै स्थानमा दैवी वा मानवीय वा प्राकृतिक वा अन्य कुनै कारणवाट क्षति भै तत्काल खानेपानी को व्यवस्था मिलाउनु पर्ने, सडक सुचारु गर्नु पर्ने विद्युत सेवा संचालन गर्नु पर्ने तथा सिंचाइको व्यवस्था गर्नु पर्ने भएमा सम्वन्धित वडाको सिफारिस, प्रहरी मुचुल्का र प्राविधिक टोलीको सिफारिसको आधारमा विशेष सहायता समितिले निर्णय गरि त्यस्ता संरचनाहरुको निर्माणको लागि रु . १५,००० देखि ५००००।-( पन्ध्र हजार देखि पचास हजार) मा नवढ्ने गरी आर्थिक सहायता उपलव्ध गराउन सकिनेछ ।

**२. गाउंपालिकामा देहायका आकस्मिक विशेष परिस्थितिमा सहायता समिति रहनेछ ।**

| | |
|---|---|
| क) अध्यक्ष | संयोजक |
| ख) उपाध्यक्ष | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) सम्वन्धित वडा अध्यक्ष | सदस्य |

३) समितिले आफ्नो कार्यविधि आफै निर्माण गर्नेछ ।

४) समितिले आवश्यकता अनुसार अन्य व्यक्तिलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

## ९) आर्थिक सहायताको सिमा :

गाउपालिकावाट हुने आर्थिक सहायताको सिमा देहाय वमोजिम हुनेछ ।

### क) विपन्न स्वास्थ्य सहायता :

अ) नेपाल सरकारले तोकेका ठूलो खर्च लाग्ने कडा, जटिल वा असाध्य रोग ब्रेन्टुमर, मुटु मृगौला, क्यान्सर, मेरुडण्ड, प्यारालाईसीस लागेको व्यक्तिलाई आर्थिक सहायता उपलव्ध गराउन सकिने छ । सो भन्दा वढी सहायता माग भएमा विपन्न स्वास्थ्य सहायता समितिले निर्णय गरे अनुसार अधिकतम २५०००। (पचिस हजार) रुपैया सम्म सहायता दिन सकिनेछ ।

### ख) प्राकृतिक प्रकोप उद्धार सहायता :

दैवी वा प्राकृतिक प्रकोपवाट हुन गएको क्षतिका आधारमा देहायको सहायता प्रदान गरिनेछ ।

१. भौतिक क्षतिकाम आधारमा

- पूर्णरुपमा घर क्षति भएकोमा रु. १५,०००। सम्म ।
- पूर्णरुपमा ढुंगाको गारो भएको गोठ क्षति भएमा रु १०,०००। सम्म ।
- पूर्णरुपमा काठको अस्थायी गोठ क्षति भएमा रु ५०००। सम्म ।
- गाई भैसी मृत्यु भएमा एक वटाको रु ३०००। सम्म
- भेडा, वाखा मृत्यु भएमा एक वटाको रु १०००। सम्म

**ग) खेलकूद, क्षमता विकास, खोज अनुसन्धान तथा सांस्कृतिक कार्यक्रम सहायता :**

खेलकूद, क्षमता विकास, समारोह, खोज अनुसन्धान, सांस्कृतिक कार्यक्रम जस्ता गाउंवासि र गाउंपालिकाको हितमा आयोजना गरिएका कार्यक्रमहरुलाई कार्यक्रम प्रस्तावका आधारमा देहायको सहायता प्रदान गर्न सकिने छ ।

- एउटा वडामा मात्र संचालन हुने कार्यक्रमको लागि न्यूनतम रु. १५,००० देखि अधिकतम रु २०,००००। सम्म ।

**१०) आर्थिक सहायता प्रदान गर्न नसकिने :**

१. कुनै योजनामा परेका वा नपरेका भौतिक संरचना ( सडक, खानेपान, सिंचाई जस्ता पूर्वाधार ) निर्माण गर्नका लागि आर्थिक सहायता प्रदान गरिने छैन । तर दफा ८ को आकस्मिक विशेष परिस्थितिमा निर्णय गर्न यो व्यवस्थाले वाधा पुरयाउने छैन ।

**११) कार्यविधि अनुसार भएको मानिने :**

कार्यपालिका वैठकवाट छुट्टै निर्णय भएको अवस्थामा उक्त निर्णय यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

**१२) व्यवस्थापकीय खर्चहरु गाउंपालिकाले व्यहोर्ने :**

यस कार्यविधिमा व्यवस्था भएका समितिहरुको वैठक भत्ता, अध्ययन भ्रमण लगायतका व्यवस्थापकीय खर्चहरु गाउंपालिका कार्यालयवाट भुक्तानी दिइनेछ ।

**१३) कार्यविधि संशोधन**

गाउपालिकाले आवश्यक देखेमा यो कार्यविधि जुनसुकै वेला पनि संशोधन गर्न सक्नेछ ।

आज्ञाले
ईश्वरलाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत